# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL

ESTD: 1969

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XIX | YEAR OF OUR LORD JESUS CHRIST, 2018 NOVEMBER | No.2


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस्।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह १६:१–८**

१. मलाई रक्षा गर्नुहोस्, हे परमेश्वर किनकि मैले तपाईंमा शरण लिएको छु।

२. मैले परमप्रभुलाई भनेको छु, "तपाईं मेरा प्रभु हुनुहुन्छ। तपाईंबाहेक मेरो निम्ति अरू कुनै राम्रो कुरा छैन।"

३. देशमा भएका पवित्र जनहरूचाहिँ तेजस्वी छन्, तिनीहरूमा नै मेरो सम्पूर्ण आनन्द छ।

४. अरू देवताको अनुसरण गर्नेहरूले आफ्ना दुःख बढाउँछन्। ती देवताहरूलाई रक्त बलि म चढाउनेछैनँ अनि तिनीहरूका नाउँ मेरो ओठले उच्चारण गर्नेछैन।

५. परमप्रभु, तपाईंले मेरो हिस्सा र कचौरा छुट्ट्याइदिनुभएको छ। तपाईंले मेरो भाग सुरक्षित राखिदिनुभएको छ।

६. सिमानाका रेखाहरू मेरो निम्ति रमणीय स्थानमा परेका छन्। साँच्चै, मैले आनन्दमय पैतृक-सम्पत्ति पाएको छु।

७. मलाई सल्लाह दिनुहुने परमप्रभुको प्रशंसा म गर्नेछु। मेरो हृदयले राति पनि मलाई अर्ति दिन्छ।

८. मैले परमप्रभुलाई सधैं मेरो सामुन्ने राखेको छु। उहाँ मेरो दाहिने हाततर्फ हुनुहुन्छ, यसकारण म डग्नेछैनँ।

# धोकामा परेका मानिसहरू

**"भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टका आगमनको विषयमा र उहाँलाई भेट्न हामी एक साथ भेला हुने विषयमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं कि कुनै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने ती हामीबाट आएका भन्ठानेर तिमीहरूको मन चाँडै विचलित नहोस् अथवा तिमीहरू नआत्तिओ।**

**कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस् किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन" (२ थेसलोनिकी २:१–३)।**

केही ईश्वरशास्त्रीहरूले "परमप्रभुको दिन" मा विश्वास गर्छन्। पावलले यहाँ यसलाई अन्तिम इन्साफ भनी उल्लेख गर्छन्। तापनि, म धेरै विद्वानहरूमाथि विश्वास गर्छु कि पावलले यहाँ ख्रीष्टको दोस्रो आगमनको बारेमा बताइरहेका छन्। अनि पावलले बताउँछन् कि येशूको आगमन दुई वटा कुरा नभएसम्म हुनेछैन:

१. ठूलो ईश्वरनिन्दा हुनेछ। परमेश्वरलाई चिनेका धेरै जना तिनीहरूले थाहा गरेको सुसमाचारको सत्यताबाट पतन भएर जानेछन्।

२. ख्रीष्ट विरोधी अथवा पापको मानिस "प्रकट" हुनेछ।

"पतन हुने" कुरा पहिले नै भइसकेको छ भन्ने कुरा येशूका हरेक प्रेमीहरूलाई निश्चित हुनुपर्छ। विगतका केही दशकदेखि आज धेरै विश्वासीहरू साथै ख्रीष्टियानहरू परमेश्वरको निम्ति आफ्नो प्रेममा चिसो भएर वृद्धि भएका छन्। मनमा यो राखेर म पावलको दोस्रो बुँदामा केन्द्रित हुन चाहन्छु– **"पापको मानिस प्रकट नभएसम्म"** प्रभुको आगमनको दिन आउँछैन।

यो वाक्याङ्शबाट पावलले वास्तवमा के भन्न खोजेका हुन् ? संसारको शासकको रूपमा ख्रीष्ट विरोधीले शासन नगरेसम्म प्रभु येशू आउनुहुन्न र हामी सबैलाई त्यसको पहिचान थाहा हुन्छ भनेर के उनले भनिरहेका छन् ? म त्यस्तो सोच्दिनँ। ख्रीष्ट कुनै पनि समयमा आउन सक्नुहुन्छ भनेर पावललाई थाहा थियो। प्रभु येशू आफैंले भन्नुभयो, आँखाको एकै निमेषमा कमैले आशा गरेको समयमा उहाँ आउनुहुनेछ।

"प्रकट गरिएको" भन्ने शब्दको बारेमा पावलको प्रयोगमा उनको अर्थमा हामीले चाबी पाउँछौं भनेर म विश्वास गर्छु। यहाँ ग्रीक अर्थमा "नछोपिएको" भन्ने हो। पावलले यस्तो भनिरहेका छन् भनेर म विश्वास गर्छु, "ख्रीष्ट विरोधीको पूर्ण योजना र एजेन्डाहरू बाहिर नआएसम्म प्रभु येशू आउनुहुन्न र मण्डलीलाई यसको बारेमा जानकार गराइएको छ।"

बाँकी पृष्ठ २ मा

*Touching lives by Teaching...since 1969*

# ECHO OF HIS CALL

(ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, MARATHI, KANNADA, BENGALI, GUJARATI, ODIA, NEPALI, ASSAMESE, PUNJABI, URDU, SINHALA & AFRIKAANS MONTHLY MAGAZINE)



**"किनकि त्यो दिन नजिकै छ, परमप्रभुको दिन नजिकै छ, बादल लागेको दिन, जाति जातिहरूका अन्त्यको दिन त्यो हुनेछ"** (इजकिएल ३०:३)।

खीष्टमा प्रियहरू,

येशू खीष्ट, संसारको मुक्तिदाताको अमूल्य नाउँमा तपाईंलाई हाम्रो प्रेमिलो अभिवादन,

तपाईंमध्ये धेरै जनाले यो मासिक समाचारपत्रको आशा गर्नुभएको छ भनेर हामीलाई थाहा छ। यो समाचारपत्रद्वारा तपाईं सबैले पूरै महिनाको निम्ति आत्मिक मन्न पाउनुहुन्छ भनेर पनि हामीलाई थाहा छ। अङ्ग्रेजी, तामिल, मलयालाम, तेलगू, हिन्दी, कन्नडा, मराठी, असामी, बेङ्गाली, ऊर्दू, गुजराती, नेपाली, ओडिया, पञ्जाबी, सिङ्घला र अफ्रिकान्स भाषा बोल्ने मानिसहरूबाट जब हामीले फोनहरू, एसएमएस सन्देशहरू र इमेल, पत्रहरू यस्तो भनिरहेको पाउँछौं कि उनीहरू आत्मिक रूपमा आशिषित भएका छन्, हाम्रा समाचारपत्र यी सबै मानिसहरूका निम्ति अत्यन्तै उपयोगी भएको छ भनेर हामीले बुझेका छौं। त्यसैले, हामीले दिन र रात अत्यन्तै मेहेनेत गर्नुपरे पनि, हाम्रा आर्थिक अवस्था, रोग, कर्मचारीहरूको कमी र सामाजिक र राजनैतिक असहज अवस्थाहरूमा आत्मिक लडाइँ लड्नुपरे पनि हामी निरास भएका छैनौं।

परमेश्वरका धेरै जना सन्तानहरूले संसारिक पदोन्नति, सांसारिक खुसी र आनन्द र पारिवारिक अवसरहरूमा संलग्न भएका र काम गरेअनुसार परमप्रभुको सेवकाइमा आफैं संलग्न नभएका वा रुचि नदेखाएको कुरा थाहा पाउँदा हामीले निरास अनुभव गर्छौं। तर विगत ५० वर्षदेखि बिना आराम हाम्रा मेहेनेतका कार्यका फलहरू हामीले देख्न सक्छौं। मानिसहरूलाई सत्यता प्रकट गर्न हामीलाई बाधा दिने हालैका समयमा भएका नियम तथा कानुनमा पनि हामी कहिल्यै लापरवाह भएनौं र हामीले कहिल्यै परमप्रभुको आवाज वा परमप्रभुको इच्छालाई बेवास्ता गरेनौं, हामी अझै अगाडि बढ्दैछौं।

हाम्रो पवित्र बाइबलले स्वीकार नगरेका केही जीवनशैली संसारका धेरै देशहरूले स्वीकार गरेका र अभ्यास गर्न सुरु गरेका छन्। परमेश्वरको अघि "समलिङ्गी"लाई विनाशकारी थोक भनेर जब बाइबलले बताउँछ, यस्ता अभ्यासलाई खुल्ला रूपले छलफल गरिन सकिदैन, हाम्रो देश भारत लगायत धेरै देशहरूले स्वीकार गरेका छन्। हालैको निर्णयबाट भारतमा भएका परमेश्वरका जनहरूले अत्यन्तै सहन नसकिने निरासा महसुस गरेका छन् किनकि विवाहभन्दा बाहिर गरिने यौन सम्बन्ध अपराध होइन।

**आजका पास्टरहरू र मण्डलीहरू यी मुद्दाहरूका बारेमा छलफल गर्नमा समय खेर फालिरहेका छैनन्** तर त्यसलाई बेवास्ता गर्छन्, ती निर्णयहरूलाई कुनै महत्त्व दिँदैनन् भन्ने कुरा असल छ। परमेश्वरका मानिसहरूका बीचमा यी कुराका बारेमा छलफल गरेर यसलाई हामीले विज्ञापन गर्नुहुँदैन। आजको अवस्थामा परमेश्वरका जनको जिम्मेवारी यही नै हो। परमेश्वरले यी अवस्थाहरू परिवर्तन गर्नुहुनेछ। तामिलमा एउटा भनाइ छः "सिक र डकैती बिर्स।" तर हामीले १ कोरिन्थी २:२ मा पढ्छौं, **"किनकि तिमीहरूसँग हुँदा येशू खीष्ट र उहाँलाई क्रूसमा टाँगेको कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ।"** १ कोरिन्थी १०:१–१२ मा हामीले पढ्छौं, "भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए र सबै समुद्रको बीचबाट भएर गए। अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। सबैले एउटै आत्मिक भोजन खाए। सबैले आत्मिक पानी पिए किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ खीष्ट नै हुनुहुन्थ्यो। तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर प्रसन्न हुनुभएन र तिनीहरू मरुभूमिमा नष्ट भए। उनीहरूले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेतावनीको लागि हुन्। तिनीहरूमध्ये कतिझैं तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, मानिसहरू खान र पिउनलाई बसे अनि नाच्नलाई उठे। हामी व्यभिचारमा फस्नुहुँदैन,




**CHIEF EDITORS**
Pastor S. Sam Selva Raj
Angeline Selvakumari Henry, M.A., M.Ed.
**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div
**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manage
**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M. Phil., B.Ed.
Bro. J. R. Jayabalan
**ADVISORY BOARD**
Bro. N. Balaji, B.Com., B.L.
Dr. S. Rabinder Boaz, M.S.
Er. C.G.S. Baburao, B.Tech., M.Tech. (DM)
Dr. D. Dhaya Devadas
Bro. Jose Abraham
Bro. K. Puratchivendan, M.Com., B.L.
Bro. Thomas T. Jacob, B.Com., B.L.
**PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
**Echo of His Call Printers**
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
**Phone :** (+ 91- 44) 2852 8282
2852 9293, 2854 7766
**Email :** sam@echoofhiscall.org
biblecor@yahoo.co.in
**Websites :**
www.echoofhiscall.org
www.echoofhiscall.com

**Our Ministries:** ✪ ECHO OF HIS CALL Monthly Magazines (16 languages) ✪ BIBLECOR - Postal Courses (3 languages) ✪ Theological Correspondence Course (2 languages) ✪ Church Planting ✪ Nehemiah Bible Colleges ✪ Gospel Printing Press ✪ Great Commission Partner ✪ Village English High School ✪ Crusades ✪ 100 Prayer warriors ✪ Community Development

जसरी तिनीहरूमध्ये कति जना फसे र एकै दिनमा तेईस हजार मरेका थिए। हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे र सर्पद्वारा नष्ट भएका थिए। हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे र विनाशकबाट नष्ट भएका थिए। यी कुराहरू तिनीहरूलाई चेतावनीका निम्ति भए पनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। यसकारण जसले खडा छु भनी सोचेको छ, त्यो होसियार रहोस्, नत्रता त्यो लड्नेछ।"

हामीले एफिसी ५:३–८ मा पनि पढ्छौं, "तर तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, **जो सन्तहरूका बीचमा हुन सुहाउँदैन।** कुनै अश्लील कुरा, मूर्ख बातचित अथवा बेफाइदाका ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन्। तर बरु धन्यवाद दिने काम होस् किनकि यो त तिमीहरू निश्चय नै जान कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई ( जो मूर्तिपूजक हो) खीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन। कसैले तिमीहरूलाई खोक्रा कुराले धोका नदेओस् किनकि ती कुराको कारणले अनाज्ञाकारीहरूमाथि परमेश्वरको क्रोध पर्छ। यसकारण, तिनीहरूसँग सहभागी नहोओ किनकि एक पल्ट तिमीहरू अन्धकारमा थियौ तर प्रभुमा तिमीहरू उज्यालो भयौ। ज्योतिका सन्तानझैं हिँड्डूल गर।"

जसरी बाइबलले भन्दछ, सम्पूर्ण संसार शरीर र दियाबलसको अधीनमा आएको छ। बुद्धिमान र शिक्षित मानिसहरू पनि दायाँ र बायाँ हात नचिन्ने बालकझैं बलिरहेको अग्निकुण्डमा जानेछन्।

**परमेश्वरका मानिसहरूको सम्पूर्ण समर्पण मात्रै एउटै बाटो हो**

यो ठूलो खतराबाट सम्पूर्ण संसारलाई छुटकारा दिनुको साटो आजको मण्डलीहरू आफ्नो राज्य निर्माण गर्न केन्द्रित भएका छन्। आजको मण्डलीहरू भवनमा ठूला टावरहरू निर्माण गर्न, सम्भव भएसम्म धेरैभन्दा धेरै सम्पत्ति जम्मा गर्ने कोसिस गर्ने, अरूका मण्डलीहरूबाट आफ्नो मण्डलीमा विश्वासीहरूलाई तान्ने कोसिस गर्ने कुरामा केन्द्रित छन्। मण्डलीहरूमा यी कुराहरूमा ठूलो महत्त्व दिने मात्रै होइन तर अर्को मण्डलीबाट आफ्नो मण्डलीमा विश्वासीहरू तान्नमा र यस्ता सांसारिक कुराहरूमा तालिम दिन र योजनाहरू पनि बनाउने कुरामा ध्यान दिनुपर्दा के यो पीडादायी छैन ? मण्डलीले मात्रै मानिसहरूलाई संगतिमा एकतामा ल्याउन सक्छ। परमेश्वरका हरेक सन्तानले पश्चात्ताप गर्नुपर्छ र देशहरूलाई सुसमाचार सुनाउन अगाडि आउनुपर्छ।

"यस देशमा डरलाग्दो र बीभत्स काम भएको छ। अगमवक्ताहरू झुट अगमवाणी कहन्छन्। पूजाहारी आफ्नै अधिकारले शासन गर्छन्। अनि मेरा प्रजाचाहिँ यस्तै हुन रुचाउँछन्। तर आखिरमा तिमीहरू के गर्नेछौं ?" (यर्मिया ५:३०, ३१)।

"... सबैभन्दा सानादेखि लिएर सबैभन्दा ठूलासम्म धनसम्पत्ति पाउनलाई तिनीहरू सबै लोभी भएका छन्। अगमवक्ता र पूजाहारी सबै छली कुरा गर्दछन्। मेरो प्रजाको चोटलाई साह्रो नभएझैं गर्रा तिनीहरूले मलहमपट्टी बाँधेका छन्। शान्ति नै नहुँदा पनि शान्ति, शान्ति भन्छन्।"

परमप्रभु यसो भन्नुहुन्छः "दोबाटोमा उभिएर हेर, प्राचीन मार्गहरूका विषयमा सोध। असल मार्ग कहाँ छ, त्यो सोध र त्यसैमा हिँड र तिमीहरूले आफ्नो प्राणको निम्ति विश्राम पाउनेछौ। तर तिमीहरूले भन्यौ, हामी त्यसमा हिँड्नेछैनौं" (यर्मिया ६:१३,१४,१६)।

प्रिय परमेश्वरका सन्तान, परमप्रभुको इन्साफ चाँडै आउन लागेको छ। त्यो डरलाग्दो हुनेछ। त्यसको निम्ति आफैंलाई तयार गर्नुहोस्। होसियार रहनुहोस्। धोकामा नपर्नुहोस्। हाम्रो बोझ संसारलाई सुसमाचार प्रचार गर्ने मात्रै होस्। हाम्रो देशहरूमा भएका हरेक जनाले येशू खीष्टको नाउँमा आराधना गर्नुपर्छ।

**हे प्रभु, सुसमाचार प्रचार गर्ने मात्रै मेरो बोझ होस्।**

**मेरो देशमा तपाईंको नाउँ घोषणा हुनुपर्छ।**

***तपाईंको हृदयको साँचो बोझ यो हुनुपर्छ।***

**एउटै मात्र जीव**

**यो चाँडै बित्छ**

**परमेश्वरका निम्ति तपाईंले गर्नुभएको काम**

**अन्त्यसम्मै रहिरहनेछ।**

हामी तपाईंको प्रतिक्रियाका आशा गर्छौं। हामी तपाईंको निम्ति प्रार्थना गर्छौं। कृपया हाम्रो निम्ति प्रार्थना गरिदिनुहोस्।

**खीष्टमा तपाईंको प्रेमिलो भाइ**
**एस. साम सेल्भाराज**

---

पृष्ठ १बाट

निश्चय नै पवित्रशास्त्रमा खीष्ट विरोधीको योजना पहिले नै बताइएको छ। पावलले घोषणा गर्छन्, "अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ..." (२ थेसलोनिकी २:७)। उनले भनिरहेका छन् कि पापको रहस्यमय आकारले अहिले पनि काम गरेको छ, जुन खीष्ट विरोधीमा हुनेछ। वास्तवमा हराइरहेको मानव जातिमाथि दुष्टको आत्मा आउनेछ, मानिसको हृदयलाई यति शक्तिशाली रूपमा बन्धनमा पार्नेछ कि पापको मानिस तुरुन्तै शक्तिमा आउनेछ।

यो वाक्याङ्शमा अर्को अर्थ पनि रहेको छ, "अधर्मको रहस्य।" यो ग्रीक मुख्य अर्थबाट आउँछ, "शान्त सुरुवात।" पावलले खीष्ट विरोधीको समूहमा गोप्य सुरुवातको बारेमा कुरा गरिरहेका छन्– अप्रत्यक्ष, शैतानिक प्रभाव, उनले आफ्नै दिनमा भइरहेको देखेका थिए।

अहिले यही रहस्यमय आत्मा पूर्ण फकाउने शक्तिमा छ, पापको मानिसलाई स्वीकार गर्न मानिसहरूको समूहलाई तयार गरिरहेको छ। दिनहुँ हजारौंका दिमागलाई परिवर्तन गर्ने, शान्त र गोप्यमा, त्यसको तहमा सुरुवात हुँदैछन्। अनि यो शैतानिक कार्य यति छिटो र प्रभावकारी रूपमा भइरहेको छ कि पापको मानिस शक्तिमा आउन सक्ने अवस्था भविष्यमा धेरै टाढा छैन।

प्रभु येशू खीष्टको आगमनअघि खीष्ट विरोधीको केही भौतिक प्रकाश हामीले हेर्न आवश्यक छैन। त्यसको शैतानिक आत्मा पहिले नै दिमाग परिवर्तन गरिएका हजारौं विश्वासीहरूमा काम गरिरहेका छ।

## पावलले पूर्णरूपमा "अधर्मको रहस्यलाई" व्याख्या गर्छन्

रहस्य सामान्य यस्तो छ भनेर पावलले बताउँछन्: शैतानले धेरैलाई व्यवस्थाहीनताको गहिराइमा फकाउन लागेको छ। पावलले यो खण्डमा प्रयोग गरेका "अधर्म" भन्ने ग्रीक शब्दको अर्थ "व्यवस्थाहीनता" हुन्छ।

त्यसकारण, रहस्यचाहिँ व्यवस्थाहीनतामध्ये एउटा हो– जसको अर्थ, धेरै मानिसहरू व्यवस्थाबिना कार्य गर्न लागेका छन् वा विरोध गर्न लागेका छन्।

तैपनि, यो व्यवस्थाहीनता केवल मानिसको शासनको विरुद्धमा विद्रोह हुँदैन। यो नागरिक अधिकारको विरुद्धमा भएको विद्रोह होइन अथवा डकैती, बलात्कार वा हत्या गर्ने बारेमा भएको विद्रोह होइन। यी कुराहरूले परमेश्‍वरको क्रोध निम्त्याउँछ। तर व्यवस्थाहीनताको रहस्य अझै गहिराइमा जान्छ। योचाहिँ ख्रीष्टमा भएको सत्यताको पूर्णरूपमा इन्कार हो– परमेश्‍वरको पवित्र वचन र आज्ञालाई एकातिर फालिदिने। यो पवित्रशास्त्रको विरोधको विरुद्धमा भएको विद्रोह हो।

आज हाम्रो देशमा व्यवस्थाहीनताको यो आत्मा फैलिएको छ। यो व्यवस्था बनाउनेहरूको पछाडि भएको शक्ति हो, जसले हाम्रो समाजबाट परमेश्‍वरलाई हटाउने कोसिस गर्छ। यो त्यही आत्मा हो, जुन शैतानले हव्वालाई छल गर्न प्रयोग गरेको थियो। त्यसले तिनलाई धेरै शब्दहरूमा यस्तो बताएको थियो, "परमेश्‍वर सजिलो हुनुहुन्छ, यो अनाज्ञाकारीताको निम्ति उहाँले तिमीलाई दण्ड दिनुहुनेछैन। तिमीले फल खान सक्छौ र आफ्नो बासनामा रहन सक्छौ। तिमीले त्यसको लागि केही तिर्नुपर्दैन।"

त्योचाहिँ नरकबाट भयानक झुट थियो। आफ्नो व्यवस्थाहीनताको रहस्यलाई उन्नत बनाउन आज शैतानले ख्रीष्टियानहरूमाथि यही झुट प्रयोग गरिरहेको छ। दिनदिनै त्यसले विश्‍वासीहरूको जमात्‌लाई निश्‍चय बनाइरहेको छ, तिनीहरूले कुनै मोल नतिरी आफ्ना पापमा रहन सक्छन्। अनुग्रहको ख्रीष्टको सुसमाचारलाई रोक्ने यो शैतानिक योजना हो, त्यसलाई अनैतिकताको सन्देशमा परिणत गर्ने।

निरासपूर्वक धेरै मनताता ख्रीष्टियानहरू यो व्यवस्थाहीनताको आत्मामा समर्पित भइरहेका छन्। केहीले ख्रीष्ट विरोधीको समूहमा जान सुरु गरिसकेका छन्। जब पापको मानिस आश्‍चर्यकम गर्दै र समस्याहरू समाधान गर्दै दृश्यमा आउँछ, त्यसलाई स्वीकार गर्न तिनीहरू तयार भएका छन्।

तपाईंले सोच्न सक्नुहुन्छ, "ख्रीष्ट विरोधीलाई पछ्याउन म कहिल्यै मूर्ख हुनेछैनँ।" तर पावलले भन्छन् कि ख्रीष्ट विरोधी शक्तिमा उदय हुनेछ किनभने मानिसहरू अन्धा हुनेछन् र आफ्नै पापबाट धोकामा पर्नेछन्: "... शैतानको कामकाज बमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे" (२ थेसलोनिकी २:९-१०)।

शैतानले मानिसहरूका समूहलाई अप्रत्यक्ष तर शक्तिशाली झुटले निश्‍चिन्त पार्दै धोकामा पार्नेछ। त्यसको झुट के हुनेछ ? त्यसले हव्वालाई निश्‍चिन्त पारेझैं संसारलाई निश्‍चिन्त पार्नेछ: "परमेश्‍वरले पापको दण्ड दिनुहुन्न।"

पावलले भन्छन्, यो धोका आउनेछ "... समस्त दुष्टतासहित... किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे" (पद १०)। त्यसपछि उनले थप्छन्। यो कारणले गर्दा परमेश्‍वरले तिनीहरूमाथि बलियो भ्रम पठाउनुहुन्छ कि तिनीहरूले झुटलाई विश्‍वास गर्नैपर्छ (पद ११)।


# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-   Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministry** is supported by the free-will offerings and donations of the God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us. Whenever you change your postal or e-mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our websites also. You can read it by going into the site as well as downloading it and get blessed.

Your letters, prayer requests and your financial helps (by D.D., Cheque, M.O. etc.) to **ECHO OF HIS CALL** may be sent to the address below.

Please send your **Land Phone / Cell Phone Numbers and E.mail addresses** for updation.

# ECHO OF HIS CALL

10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai- 600 005, India.

**Phone :**(+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

**Cell :**(+91) 98410 71852, 95661 31858

**Email :** sam@echoofhiscall.org / biblecor@yahoo.co.in

**Websites :** www.echoofhiscall.org / www.echoofhiscall.com

**YOU CAN SEND YOUR DONATIONS ON ONLINE ALSO**

**The details of our Bank Accounts are given below. Please inform us the details of your remittances.**

| Bank | Branch | Name | IFSC Code No. | Account Number |
|---|---|---|---|---|
| 1. STATE BANK OF INDIA | Triplicane, Chennai -5 | S. Sam Selva Raj | SBIN 0000249 | 102329 34679 |
| 2. ICICI BANK | Anna Salai, Chennai -2 | Echo of His Call | ICIC 0006038 | 6038 05022319 |

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरले काम गर्नुहुन्छ।

### प्रशंसाको निम्ति बुँदाहरू

नोभेम्वर १९: परमप्रभुले हाम्रो अस्पतालको सेवकाइमा आश्चर्यकर्म प्रदर्शन गर्नुभएको छ।

नोभेम्वर २०: हाम्रो मुख्य र शाखा मण्डलीहरूमा धेरै नयाँ आत्माहरू थपिएका छन्।

नोभेम्वर २१: सन् २०१९ को निम्ति बोलावटको प्रतिध्वनि भित्तेपात्रो उत्पादन गर्न परमप्रभुले हामीलाई सहायता गर्नुभयो।

नोभेम्वर २२: हाम्रो नहेम्याह बाइबल कलेजहरूमा भएका शिक्षकहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं।

नोभेम्वर २३: परमेश्वरले हाम्रो मुख्य मण्डलीमा भएको ५ वटा भाषामा हुने ७ वटा सेवाहरूमा आशिष् दिनुभएको छ।

नोभेम्वर २४: परमेश्वरले १६ वटा भाषामा भएको हाम्रो सुसमाचारीय साहित्यलाई आशिष् दिनुभएको छ, जुन हाम्रो छापाखानामा छापिन्छ र मिसनको क्षेत्रमा पठाइन्छ।

नोभेम्वर २५: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका प्रधानाध्यापक, शिक्षकहरू र कर्मचारी सदस्यहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं।

नोभेम्वर २६: १६ वटा भाषामा भएको हाम्रो बोलावटको प्रतिध्वनि मासिक पत्रिकाका पाठकहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

नोभम्वर २७: हाम्रा मण्डलीहरूमा भएको एल्डरहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं।

नोभम्वर २८: हाम्रा मिसन क्षेत्रहरूमा हाम्रा फिल्ड कर्मचारीहरूलाई परमेश्वरले जोगाइरहनुभएको छ।

नोभेम्वर २९: हाम्रा सबै संयोजकहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं।

नोभेम्वर ३०: हाम्रो प्रभुले हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सबै दुष्ट शक्तिहरूदेखि बचाउनुभएको छ।

डिसेम्वर १: विगतको महिनामा हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइका सबै क्रियाकलापहरूलाई परमेश्वरले आशिष् दिनुभयो।

डिसेम्वर २: यो वर्षको समयमा परमेश्वरले हामीलाई धेरै साहित्यका कुराहरू उत्पादन गर्न सहायता गर्नुभयो।

डिसेम्वर ३: बहिनी जेसी विना सामको स्वास्थ्यमा परमेश्रले सुधार दिनुभएको छ।

### प्रार्थनाको निम्ति बुँदाहरू

डिसेम्वर ४: यो महिनामा बोलावटको प्रतिध्वनि सेवकाइका सबै आर्थिक आवश्यकताहरू परमेश्वरले पूरा गरिदिनुभएको होस्।

डिसेम्वर ५: परमेश्वरले मानिसहरूको मनमा उहाँको बारेमा भय पठाउनुभएको होस्।

डिसेम्वर ६: परमप्रभुले मण्डलीहरूबाट झुटा सिद्धान्तहरू हटाउनुभएको होस्।

डिसेम्वर ७: परमेश्वरले संसारमा शक्तिशाली जागृति पठाउनुभएको होस्।

डिसेम्वर ८: संसारभरि नष्ट भइरहेका आत्माहरूको मुक्तिको निम्ति प्रार्थना गरौं।

डिसेम्वर ९: हाम्रो प्रस्तावित नयाँ परियोजना दैनिक स्वर्गीय मन्न चाँडै नै प्रकाशित हुन लागेको छ। यसको लागि प्रार्थना गरिदिनुहोस्।

डिसेम्वर १०: हाम्रो **आधारभूत बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको** निम्ति प्रार्थना गरौं।

डिसेम्वर ११: परमेश्वरका दासहरूको सुरक्षाको निम्ति प्रार्थना गरौं।

डिसेम्वर १२: संसारभरि शान्तिको निम्ति प्रार्थना गरौं।

डिसेम्वर १३: हाम्रा प्रार्थनाका साझेदारहरू, जीवनका साझेदारहरू, विश्वासका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उनीहरूका परिवारका सदस्यहरूका निम्ति प्रार्थना गरौं।

डिसेम्वर १४: हाम्र सबै मण्डलीहरूको आवश्यकता परमेश्वरले पूरा गर्नुभएको होस्।

डिसेम्वर १५: संसारभरिका टेलिभिजन प्रचारकहरूका निम्ति प्रार्थना गरौं।

डिसेम्वर १६: हाम्रो गाउँको हाई स्कुल, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा परमेश्वरले आशिष् दिनुभएको होस्।

डिसेम्वर १७: हाम्रा सेवकाइका समूहका सबै कर्मचारीहरूलाई परमेश्वरले निरन्तर सुरक्षा दिनुभएको होस्।

डिसेम्वर १८: परमेश्वरले आफ्ना सारा सन्तानलाई आत्मिक र भौतिक रूपमा आशिष् दिनुभएको होस्।

पृष्ठ ४ बाट

प्रेरितले भनिरहेका छन्, “परमेश्वरको वचन पालन गर्न वा आदर गर्न इन्कार गर्नेहरू शक्तिशाली भ्रमको अधीनमा पर्नेछन्। सबैभन्दा पहिले तिनीहरूले आफ्ना पापमा आँखा चिम्लनेछन्। तिनीहरूले त्यसलाई न्याय गर्नेछन् तर चाँडै नै तिनीहरूले सजिलो अनुग्रहको सन्देश सक्रिय रूपमा खोजी गर्नेछन्। परमेश्वरले चाहनुभएको भन्दा पनि परको अनुग्रह तिनीहरूले निर्माण गर्नेछन्। उहाँको अनुग्रहले सधैं अनुमतितिर लैजान्छ। त्यसले सधैं पश्चात्तापमा लैजान्छ।”

**अहिले संसार ठूलो भ्रमको अधीनमा रहेको छ।**

आज संसार शैतानिक झुटको फसाउने शक्तिको अधीनमा छ। तापनि, मैले अधिक कुरा भन्नुअघि कृपया बुझ्नुहोस् कि म यहाँ प्रजातान्त्रिक वा गणतान्त्रिक भएको हुनाले बोलिरहेको छु। मैले बोलेको कुराले राजनैतिक कुरामा केही सम्बन्ध छैन– तर हरेक कुरा आत्मिक सत्यतासँग सम्बन्धित छ। वास्तवमा हाम्रो देशका अगुवाहरूले परमेश्वरको वचनलाई पूर्णरूपमा एकातिर फ्याँकेका छन्, बाइबलीय सत्यतामा कुनै आदर देखाइरहेका छैनन्। अनि अब परमप्रभुले हामीमाथि भ्रम आउन अनुमति दिनुभएको छ।

आज संसारमा शैतानिक झुटले छोपिरहेको कुरा झुटो शान्ति हो। परिणामको भयबिना आफूलाई प्रसन्न पार्ने जुनसुकै काम हामीले गर्न सक्छौं भन्ने धारणा यही हो। हामीले यो भ्रममा पहिले नै सीमा नाघिसक्यौं– अनि अब इन्साफ अनिवार्य रहेको छ।

पावलले यो ईश्वरीय इन्साफ रोमी १ अध्यायमा देखाउँछन्। उनले एक पटक बाइबलीय सत्यतामा चल्नेहरूका बारेमा बताउँछन् तर पछि अधार्मिकतामा सत्यतालाई बङ्ग्याउने कोसिस गरेका थिए। छोटकरीमा, तिनीहरूले एकै समयमा परमेश्वरको वचन र आफ्नो बासना चाहेका छन्। त्यसैले परमप्रभुले तिनीहरूलाई भ्रष्ट मनमा फर्काउनुभयो। तिनीहरूले झुटलाई विश्वास गर्न चाहेका थिए– त्यसैले उहाँले तिनीहरूमाथि बलियो भ्रम पठाउनुहुन्छ।

अब यो चरित्र मण्डलीमा भित्र प्रवेश गरिसकेको छ। आज अधिकाङ्श ख्रीष्टियानहरूले अश्लील भिडियोहरू हेरेर वा इन्टरनेटमा अश्लील कुराहरूमा रहेका छन्। एक पटक तिनीहरूका विवेकले तिनीहरूलाई सताएको थियो। तर अब तिनीहरूले तर्क गर्छन्, “हाम्रा सबै अगुवाहरू यसको साथमा गइरहेका छन्। हरेक जनाले त्यस्तो गरिरहेका छन्। मैले किन गर्न सक्दिनँ ?” तिनीहरू शैतानिक भ्रममा परेका छन्।

पावलले चेतावनी दिन्छन्, “किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन् तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन् र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरूतिर बरालिनेछन्” (२ तिमोथी ४:३–४)।

पावलले बताइरहेका यी धोकामा परेका समूहहरू को हुन् ? तिनीहरू धोकामा परेका ख्रीष्टियानहरू हुन्। उनले यो पत्र थेसलोनिकीको मण्डलीलाई लेखेका थिए– नयाँ जन्म पाएका विश्वासीहरू। उनले ती मानिसहरूलाई सम्बोधन गरिरहेका थिए, जो बाइबलीय शिक्षा र परमेश्वरको सत्यता जान्नको कुराको अधीनमा बसेका थिए। तैपनि तिनीहरू आफ्नो बासनामा रहे– अनि अब तिनीहरूले आफ्ना पापमा आफैंलाई आराम तुल्याउन हाम्रा झुटा शिक्षाहरू चाहेका छन्।

**परमेश्वरको वचन खुसीसाथ सुन्ने तर त्यसको पालन नगर्ने विश्वासी धोकामा पर्ने ठूलो खतरामा हुन्छ।**

पावलले गलातीका मानिसहरूलाई लेख्छन्, “तिमीहरू राम्रै दौडिरहेका थियौ। कसले तिमीहरूलाई सत्यता पालन गर्नमा बाधा दियो” (गलाती ५:७)। “... कसले तिमीहरूलाई मोहनी लाएर वशम पाऱ्यो ?” (३:१)। प्रेरितले आफ्नो बगाललाई सोधिरहेका थिए, “तिमीलाई के भयो ? तिमीले राम्रै गर्दैथियौ। अब तिमीहरूको दिमाग परिवर्तन भएको छ।”

परमेश्वरको वचन पालन गर्नु हाम्रो निम्ति कसरी महत्त्वपूर्ण छ भनेर पवित्रशास्त्रभरि परमेश्वरले हामीलाई प्रष्ट तस्वीर दिनुभएको छ। हामीले राजा शाऊलको जीवनमा यस्तो एउटा उदाहरण देख्छौं। परमेश्वरले शाऊललाई अगमवक्ता शमूएलबाट प्रष्ट, विशेष आज्ञा दिनुभएको थियो। उहाँले शाऊललाई निर्देशन दिनुभएको थियो, “अब अमालेकीहरूमाथि जाइलागेर उनीहरूलाई नाश गर् र उनीहरूका सबै धनसम्पत्ति नाश गर्, एउटै थोक पनि नछोड् र सबैलाई खतम पार्। उनीहरूका पुरुष, स्त्री, केटाकेटीहरू, दूध खाने बालकहरू, गाई–गोरु, भेडाबाखा, ऊँट र गधा सबैलाई नाश गर्” (१ शमूएल १५:३)।

के शाऊलले परमप्रभुबाटको यो आज्ञा पालन गरे ? पवित्रशास्त्रले हामीलाई बताउँछ, “अमालेकीहरूलाई शाऊलले आक्रमण गरे... उनले अमालेकीहरूका राजा अगागलाई जिउँदै पक्रे... तर शाऊल र उनका सेनाले अगाग र असल असल भेडा र गाईगोरु, मोटामोटा बाछा र पाठा र राख्ने योग्यका सबै चीजहरू बचाइराखे। तिनीहरूले तिनलाई नाश गर्ने इच्छा गरेनन्...” (पद ७–९)।

परमेश्वरले आफ्नो तरवार शाऊललाई प्रष्ट शर्तमा दिनुभएको थियो। त्यसपछि शाऊल लडाइँमा गएका भए पनि उनले परमप्रभुलाई आङ्शिक रूपमा मात्रै पालन गरे। हरेक जना र हरेक थोकलाई नष्ट गर्नुको साटो उनल राजा अगागलाई जिउँदै छोडिदिए– अनि उसले लडाइँमा नष्ट गर्नुपर्ने केही कुराहरूलाई पनि राखे।

परमप्रभुले शाऊललाई यस्तो भन्नुहुँदा शमूएल अन्यन्तै शोकित भएका थिए, “उहाँले तपाईंलाई त्यस दुष्ट जाति, ती अमालेकीहरूलाई बिलकुलै नाश गर्नू भनी कडा आज्ञा दिएर पठाउनुभएको थियो। उनीहरूलाई निमिट्यान्न नपारुञ्जेल तपाईंले उनीहरूका विरुद्धमा लडाइँ गरिरहनुपर्नेथियो। तपाईंले किन परमप्रभुको आज्ञापालन गर्नुभएन ? तपाईंले किन लूटका माल लिनुभयो र परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो, त्यही गर्नुभयो ?” (पद १८–१९)।

यो बिन्दुमा पवित्रशास्त्रले हामीलाई गम्भीर, डरलाग्दो वचन दिएको छः “परमप्रभुले शमूएललाई यसो भन्नुभयो, शाऊललाई राजा तुल्याएकोमा मलाई पछितो लागेको छ किनभने त्यसले आफ्नो मुख मदेखि मोडेको छ र मेरो

आज्ञा त्यसले पालन गरेको छैन...” (पद १०–११)।

के यसले तपाईंको जीवनलाई वर्णन गर्छ ? तपाईंको जीवनमा भएका केही बासनामय बानीसँग कुनै पनि असामान्य शर्तमा सामना गर्न के परमेश्वरले तपाईंलाई भन्नुभएको छ– अनि तपाईं अझै त्यसैमा टाँसिरहनुभएको छ, त्यसलाई हटाउन तपाईले इन्कार गरिरहनुभएको छ ?

अहिले नै उहाँको आत्मा दयालु, मधुरो आवाजमा बोलिरहनुभएको हुन सक्छ, भनिरहनुभएको छ, “तिम्रा बासना हामी बीचमा खडा भएको छ, हाम्रो सम्बन्धलाई बाधा दिइरहेको छ। तिमी यसमा लागिरहँदा म तिमीलाई आशिष् दिन सक्दिनँ। तिमीलाई सहायता गर्न तिमीले मेरो आत्मालाई विश्वास गर। त्यसैमा आफैंलाई अहिले नै समर्पित गर, मेरो बालक।” तर चाँडै नै परमेश्वर तपाईंसँग क्रोधमा बोल्न सक्नुहुन्छ, “तिमीले आफ्नो बासना हटाउँदैनौ भने म त्यसलाई बाहिर ल्याउनेछु– अनि त्यसले तिम्रो जीवन नष्ट गर्नेछ।”

शाऊलको अनाज्ञाकारीताको निम्ति परमेश्वरले उसलाई इन्कार गर्नुभयो। शमूएलले शाऊललाई भने, “उहाँको आज्ञा उल्लङ्घन गर्नु तन्त्रमन्त्रको पापजस्तै हो र हठी हुनु मूर्तिपूजा गर्नुजस्तै खराब हो। तपाईंले परमप्रभुको वचनलाई त्याग्नुभयो, यसैले परमप्रभुले पनि तपाईंलाई राजाको पददेखि त्याग्नुभएको छ” (पद २३)।

त्यही समयदेखि परमेश्वरको आत्माले शाउललाई त्यागिदिनुभयो। राजाका आधा हृदयको आज्ञाकारीताले उनलाई शैतानको प्रभावमा ल्याएको थियो। चाँडै नै दुष्ट आत्माले शाऊललाई समस्या दिन थाल्यो– अनि अन्त्यमा उनले तन्त्रमन्त्र गर्नेसँग परामर्श गर्ने कोसिस गरे।

सायद तपाईंले शाऊलको जीवनको विवरण पढ्नुहुँदा तपाईं अचम्ममा पर्नुहुन्छ, “तर शाऊलले आफूले सक्दो कोसिस गरेका थिए अनि उसले त्यति नराम्रो गरेको थिएन। परमेश्वर उनीमाथि किन यति धेरै क्रोधित हुनुभएको थियो ? उहाँले शाऊललाई किन क्षमा गर्नुभएन ?”

परमेश्वरले यो खण्डबाट हामीलाई बताइरहनुभएको छ कि उहाँले भन्नुभएको कुराले अर्थ राख्छ। उहाँले भनिरहनुभएको छ, “मप्रति तिम्रो आज्ञाकारीताको बारेमा म कस्तो महसुस गर्छु भनेर मैले तिमीलाई देखाइरहेको छु। मलाई तिम्रो सम्पूर्ण हृदय, तिम्रो सबै प्रेम चाहन्छु– केवल आधा हृदयको आज्ञाकारीता होइन।” अहिले परमप्रभुको सन्देश शाऊलको निम्ति अस्पष्ट वा धमिलो भएको भए उहाँले शाऊलको निम्ति अनुमति दिनुपर्छ भनेर हामीले इन्साफ गर्न सक्थ्यौं। तर शाऊललाई दिनुभएको उहाँको निर्देशन यति प्रष्ट थियो, त्यो उहाँले आज्ञा दिनुभएको थियो भन्ने शङ्का नै थिएन। त्यसै गरी आज, परमेश्वर हामीसँग बोल्नुभएको छ भन्ने कुरामा हामीमा कुनै शङ्का छैन। उहाँका आज्ञाहरू के हुन् भनेर हामीलाई थाहा छ किनभने उहाँले ती आफ्नो वचन र हाम्रो हृदयभित्र उहाँको आत्माद्वारा प्रकट गर्नुभयो।

तपाईंले जवाफ दिन सक्नुहुन्छ, तर परमेश्वरले शाऊललाई गर्नुभएको कुरा पुरानो करारको अधीनमा भएको व्यवस्थाको अधीनमा गर्नुभयो। अहिले हामी अनुग्रहको दिनमा जिएका छौं। हामी अनाज्ञाकारी हुँदा निश्चय नै परमप्रभु शाऊलमाथि हुनुभएझैं गम्भीर हामीसँग हुनुहुन्न।

अनुग्रहको करार, नयाँ करारअनुसार यस विषयमा परमेश्वरको वचनमा यस्तो रहेको छ। “किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ। धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरूलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ। तर झगडालु, सत्यको पालन नगर्ने र दुष्टतामा हिँड्नेहरूमाथि चाहिँ क्रोध र रिस पर्नेछ। खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद् आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरूमाथि पनि। तर असल काम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अन्यजातिलाई पनि गौरव, इज्जत र शान्ति प्राप्त हुनेछ। किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न” (रोमी २:६–११)।

पुरानो करारमा भएको शाऊ र नयाँ करारको अधीनमा भएका सबै विश्वासीहरूका बीचमा भएको भिन्नता तपाईंको निम्ति मलाई भन्न दिनुहोस्: जब कुनै व्यक्तिमा परमेश्वरको आज्ञाहरू पालन गर्ने साँचो चाहना हुन्छ– जब त्यो व्यक्तिले परमेश्वरको वचनलाई प्रेम गर्छ र आदर गर्छ– पवित्र आत्माले ती सबै आज्ञाहरू पूरा गर्ने सबै शक्ति र क्षमता उसलाई प्रदान गर्नुहुन्छ। नयाँ करारको आशिषित योजना यही हो।

शाऊलमा यस्तो प्रकारको पवित्र चाहना थिएन। तर परमप्रभु र उहाँको वचनलाई साँचो रूपमा प्रेम गर्ने कुनै पनि विश्वासी सबै बासनालाई हटाउन सक्षम हुन्छ, उसभित्र भएको पवित्र आत्माको शक्तिद्वारा पापको साम्राज्यलाई भत्काउँदै।

पावलले विश्वासीहरूलाई चेतावनीको यो बलियो वचन दिन्छन्: “ए मानिस, तिमीले यस्ता

## समाचारः

### “बाहिर निस्की... हामी तँलाई जलाइदिनेछौं”

अम्बला, हरियाणाः अतिवादीहरूले ३२ वर्षीय एसेम्बिलज् अफ गडका पास्टर अभिअन्शु काल्रालाई मूर्तिहरू नष्ट गरेको र बलजफती धर्म परिवर्तन गरेको आरोप लगाउँदै उनको घरबाट उनलाई र उनको परिवारलाई भाग्न दबाब दिइरहेका थिए। ११ जूलाइमा २०० जना मानिसहरूको मूहले उनको घर र मण्डली प्राङ्गणको प्रवेशद्वारालाई बन्द गरेका थिए र यस्तो धम्की नारा लगाएका थिए, “बाहिर निस्की, हामी तँलाई छोड्नेछैनौं, हामी तँलाई जलाइदिनेछौं।” स्थानीय पुलिसले यसको सोधपुछ गरिरहेको छ। १०० जना सदस्य भएको मण्डली २०१४ मा सुरु भएको थियो। १९ जूलाइमा अम्बलाको सडकमा करिब ३०० जना ख्रीष्टियानहरूले समूहको आक्रमण र भारतमा अल्पसङ्ख्यकको अत्याचारलाई बिरोध गर्दै र्‍याली निकालेका थिए।– एमएसएन

– फोररनर (अक्टोवर २०१८)

काम गर्नेहरूलाई दोष लाउँछौ र आफैं पनि त्यही काम गर्छौ भने के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौ ?" (रोमी २:३)। उहाँले भनिरहनुभएको छ, "तपाईं खीष्टियान भएर हरेकलाई परमेश्वरको व्यवस्थाप पालन गर्न भनिरहनुभएको छ– तपाई आफैंचाहिँ व्यभिचारमा हुनुहुन्छ भनेर के तपाईंले गवाही दिइरहनुभएको छ?"

"परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर के तिमी उहाँको दया, सहनशीलता र धर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ ?" (पद ४)। पावलले थप्छन्, "परमेश्वर यो सबै समयमा तपाईंप्रति कृपालु हुनुहनछ, तपाईंसँग दयालु र प्रेमिलो रूपमा हुनुहुन्छ। उहाँका सबै भलाइ, कृपा र अनुग्रह तपाईंलाई पश्चात्तापतिर डोऱ्याउने अर्थमा हुन् भनेर के तपाईंले थाहा पाउनुहुन्न ?"

## यो सन्देशको जोड के हो त ?

यी सबैमाथि म तपाईंलाई यो कुरा भन्न चाहन्छुः सारा इतिहासमा महान् समृद्धिको प्रचारकको रूपमा खीष्ट विरोधी दृश्यमा आउन लागेको छ। अनि दियाबलस आफ्नो समूहमा सुरुवात गर्न आधा हृदय भएका विश्वासीहरूलाई पहिले नै लिइरहेको छ। चाँडै नै हाम्रो समाजमा धेरै विरोध हुनेछैन र खीष्टियानहरू शैतानिक फुस्लाइमा हुनेभन्दा पनि धेरै संवेदनशील हुनेछन्।

हिटलरको दिनमा धेरै जर्मनी खीष्टियानहरूलाई यस्तो भएको थियो। जब हिटलर चमत्कारीक व्यक्ति र खसल जीवनको प्रतिज्ञाको साथमा शक्तिमा आए, मनताता लुथलरनहरू र पेन्तिकोसहरूल उसलाई स्वीकार गरे। अनि पछि जब उसले समाजमा आफ्ना दुष्ट काम गर्न सुरु गरे, तिनीहरूले परमेश्वरको वचनको सत्यतालाई इन्कार गर्दै अर्कोतिर हेरे। निश्चय नै यी मण्डलीहरूमा सुसमाचारको लागि केही शक्तिशाली आवाजहरू खडा भए। तर विस्मयमा पार्ने सङ्ख्याका मानिसहरूले हिटलरलाई पछ्याइरहेका थिए र कराउँदै उसको प्रशंसा गरिरहेका थिए, "हिटलरको जयजयकार।" तिनीहरूले झुट किने– अनि परमेश्वरले तिनीहरूलाई बलियो भ्रममा राखिदिनुभयो।

तपाईंले सोध्नुहुन्छः के तपाईंको छोरालाई प्रेमिलो रूपमा बाहिर देखाउन बलिया प्रचारमा तपाईंलाई बस्नुभएको छ ? त्यसो हो भने वचनले तपाईंलाई दोषी ठहऱ्याउन के तपाईंले अनुमति दिनुहुन्छ ? अथवा शोक नगरी तपाईंका बासनामा के तपाईं ढल्कनुहुन्छ ?

विराध गरिरहनुभएको पवित्र आत्माको चेतावनी तपाईंले इनकार गरिरहनुभएको छ– समय समयमा कुनै पनि हृदयको शोकबिना तपाईंले परमेश्वको आज्ञा पालन गर्नुभएको छैन– त्यसो हो भने तपाईं खीष्ट विरोधीको समूहको निम्ति तपाईं भर्ना भइरहनुभएको छ। दियाबलसले तपाईंलाई शान्त रूपमा आफ्नो अधर्मको रहस्यमा भर्ना गरिरहेको छ। अनि जब खीष्ट विरोधी प्रतिज्ञा गरिएको, आश्चर्यकर्म काम गर्दै आउँछ, तपाईं त्यसको झुटमा बग्नुहुनेछ र त्यो धोकामा आफैंलाई पार्नुहुनेछ।

परमेश्वरको पवित्र वचन पालन गर्न र प्रेम गर्न इन्कार गर्ने सम्झौता गर्ने विश्वासीहरूका बारेमा पावलले के भन्छन् भनेर हामीले सुनौंः ताकि सत्यमाथि विश्वास नगर्ने तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन् (२ थेसलोनिकी २:१२)। आफ्ना बासनाको बारेमा सत्यता जान्नेहरूलाई धिक्कार तर जसले परमेश्वरले तिनीहरूलाई इन्साफ गर्नुहुनेछ भनेर विश्वास गर्दैनन्।

परमेश्वरको सत्यतामा विश्वास नगर्ने र काम नगर्नेको डरलाग्दो परिणामहरू यहाँ छन्ः

१. पापको छलद्वारा हृदय कठोर भएर जानेछ।

२. शैतानले आफैंलाई पुष्ट गर्न कठोर हृदयमा काम गर्छ ताकि त्यो दण्डको सबै भयबाट निर्भय बनोस्।

३. यो हृदयले सत्यतालाई स्वीकार गर्छ र पालन गर्न भन्ने सम्भावना जब परमेश्वरले देख्नुहुन्न, त्यसले व्यक्तिलाई शैतानिक धोकामा फर्काउँछ।

४. पापको ज्याला छैन र इन्साफको दिन हुँदैन र आफ्नो बासनामय आनन्दसँगै अगाडि जान सक्छ भन्ने झुटबाट विश्वासी अन्धो बन्छ।

५. विश्वासीहरू दुष्टात्माको सिकार बन्छन्, दुष्टलाई असल र असललाई खराब भनेर सोच्दै।

६. ऊ बिस्तारै खीष्ट र सत्यताबाट अत्यन्तै टाढा हुन्छ, ऊ खीष्ट विरोधीसँग बाँधिन्छ– अनि उसले त्यसलाई परमेश्वरको रूपमा आराधना गर्न र सेवा गर्न थाल्छ।

७. न्यायको दिनमा परमेश्वरले यस्तो व्यक्तिलाई भन्नुहुनेछ, "मबाट दूर होओ, दुष्ट काम गर्ने मानिस।"

प्रियहरू, हामीमध्ये कसैलाई पनि यस्तो हुनुहुँदैन। खीष्टको क्रूसको शक्तिद्वारा हामीबाट सबै धोका हटाउन र पापमाथि हामीलाई विजय दिन परमेश्वरले प्रतिज्ञाको करार दिनुभएको छ। हाम्रा पापमाथि हामीले लडाइँ घोषणा गरेको मात्रै उहाँले भन्नुहुन्छ, "यो बानीसँग म शान्ति कायम राख्दिनँ। म यसमा रहन इन्कार गर्छु। तपाईंको आत्माद्वारा पिता, मलाई छुटकारा दिनुहोस्।" जब उहाँले यो प्रार्थना सुन्नुहुन्छ, उहाँले यस्तो पवित्र आत्माको शक्ति र महिमा स्वर्गबाट पठाउनुहुनेछ, दियाबलस खडा पनि हुन सक्नेछैन।

अहिले नै प्रार्थना गर्नुहोस् कि परमेश्वरले आफ्नो वचनको निम्ति तपाईंमा ठूलो श्रद्धा राख्नुभएको होस्। पवित्रशास्त्र पढ्न तपाईंमा अनुशासन कायम राख्न सहायता उहाँसँग माग्नुहोस्। अनि तपाईंले पढ्नुभएको कुरा हृदयमा राख्न तपाईंलाई सहायता गर्न आत्मालाई भन्नुहोस्– उहाँले भन्नुभएको कुरा परमेश्वरले अर्थ राख्नुहुन्छ भन्ने कुरामा विश्वास गर्न।

–रेभ. डेभिड विल्कर्सन


**बोलावटको प्रतिध्वनि विज्ञापन दर**

| आकार | १६ वटा भाषाहरूमा | एउटा मात्र भाषामा |
|---|---|---|
| पूरा पृष्ठ | रु. ७०,००० | रु. ५,००० |
| आधा पृष्ठ | रु. ५०,००० | रु. ३,५०० |
| चौथाइ पृष्ठ | रु. ३०,००० | रु. २,००० |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।**

**"परमप्रभुको नजर धर्मात्माहरूमाथि रहन्छ र उहाँले तिनीहरूको पुकार सुन्नुहुन्छ" (भजनसंग्रह ३४:१५) ।**

आज मेरो बिहानीको प्रार्थनाको समयमा प्रभुले मलाई मेरो सेवकाइमा भएका प्रारम्भिक दिनहरूमा लैजानुभयो । उहाँले मलाई कसरी सिद्ध रूपमा अगुवाइ गर्नुभएको थियो भनेर मलाई प्रष्ट रूपमा देखाउनुभयो ।

परमेश्वरको सिद्ध अगुवाइ व्याख्या गर्नको लागि मेरो साथीहरूमध्ये एक जना पी. शिभप्रकासमले मलाई लेख्नुभएको एउटा पत्र तपाईंलाई देखाउँदैछु:

प्रिय भाइ साम सेल्भाराज,

लामो समयदेखि तपाईंको क्रियाकलापहरूका बारेमा तपाईंलाई लेख्ने मेरो चाहना थियो । तपाईंको सेवकाइ र पत्रिका "बोलावटको प्रतिध्वनि" को स्वर्ण महोत्सव मनाउन लागेको समयमा तपाईंको सेवकाइमा मेरा विचारहरू प्रतिध्वनि गर्ने मौकाको रूपमा मैले यसलाई लिएको छु ।

सबैभन्दा पहिले, "बोलावटको प्रतिध्वनि" पत्रिकाका संस्थापक तथा प्रधानसम्पादक तपाईंलाई म अभिवादन गर्दछु । तपाईंले विभिन्न कठिनाइहरू र चुनौतिहरूलाई विजय गर्नुभयो र २०१९ स्वर्ण महोत्सवको वर्षमा सफलतापूर्वक प्रवेश गर्न लाग्नुभएको छ । अत्यन्तै मेहेनेतसाथ काम गर्नुहुने सबै प्रशासकहरू र कर्मचारीलाई म मेरो हृदयको गहिराइबाट अभिवादन व्यक्त गर्दछु ।

कन्याकुमारी जिल्लामा भएको सानो गाउँमा तपाईं जन्मनुभएको र कम्युनिष्ट धारणको साथमा जिउनुभए पनि प्रभुको सेवकाइमा विगत ५० वर्षको समयमा तपाईंले सबै प्रकारका कठिनाइहरू, बाधाहरू, निन्दाहरूलाई विजय गर्नुभएको छ । तपाईंको धैर्य र क्षमाशीलताको साथमा तपाईंले यी सबै कठिनाइलाई एकातिर धकेल्नुभएको छ र अब तपाईंले अधिकारपूर्वक इनाममा आनन्द गरिरहनुभएको छ भनेर कसैले पनि इन्कार गर्न सक्दैन ।

म फर्कन चाहन्छु, जब हामीले सरकारी कार्यालयमा काम गरेका थियौं, ती पुराना दिनहरूलाई हेर्ने चाहना गर्छु । त्यस समयदेखि ४० वर्ष बितिसकेको छ भन्ने कुरामा ध्यान दिनु अचम्मको रहेको छ । तपाईंले "बोलावटको प्रतिध्वनि" मा "खाडलदेखि महलसम्म" भन्ने शीर्षक भएको तपाईंको लेखहरूमा तपाईंले ती समयदेखिका मीठा र तीता कुराहरूले भरिएका तपाईंका सबै अनुभवहरू प्रकाशित गरिरहनुभएको छ । ती अनुभवहरू साँचो हुन् र त्यसले तपाईंको जीवनमा धेरै कुरामा सहायता गरेका छ ।

तपाईंको अविरल मेहेनेत, उत्कट चाहना, उद्देश्य र अटल विश्वासले तपाईंलाई यस्तो उचाइमा लगेको कुरा अवलोकन गर्दा म आनन्दले भरिएको छु ।

*तपाईंले कहिल्यै पनि कसैसँग प्रतिस्पर्धा गर्नुभएन र ठूलो गतिको साथमा यो दौड दौडनुभयो, यो दौड दौडन तपाईंलाई कसैले धकेलेको थिएन ।* तपाईं आफैं सुरुवातकर्ता हुनुहुन्छ । यो संस्थालाई बलियो गरी स्थापना गर्न तपाईं सबै दिशाहरूतिर दौडनुभएको, धेरै कठिनाइहरू, प्रेम र शत्रुता तोड्नुभएको, निरासा, धोका, दोष, आदि सहनुभएको छ भनेर मलाई राम्ररी थाहा छ । अन्त्यमा, तपाईं यो विजयी लक्ष्यमा पुग्नुभएको छ । हामीले अन्यबाट धेरै परामर्शहरू पाए पनि राम्रो गरी खडा हुनेचाहिँ हाम्रो आफ्नै निर्णय हो भनेर मैले सिकेको छु । तपाईंको प्रष्ट मनको साथमा तपाईंले लिनुभएका निर्णयहरू अवलोकन गरेर मैले यो अमूल्य सत्यता बुझेको छु । तपाईंको नीति, **"आजको काम आफैं आज पूरा गरौं र आज आफैं भोलिको निम्ति योजना गरौं"** ले तपाईं को हुनुहुन्छ भनेर प्रमाणित गरेको छ । तपाईं नम्र हुनुहुन्छ र नम्र र आदरयोग्य भएकाहरूप्रति तपाईं आदरयोग्य हुनुहुन्छ र आफ्नो सम्झौतामा कठोर भएकाहरूप्रति तपाईं कठोर हुनुहुन्छ भनेर मैले अवलोकन गरेको छु । तपाईं साँचो नेतृत्वको गुणको साथमा राम्रो प्रशासक हुनुहुन्छ भनेर यी सबै चरित्रहरूको विशेषताले प्रमाणित गर्दछ ।

जब हामी सरकारी सेवामा थियौं, धेरै उच्च अधिकारीहरूका साथै साधारण कर्मचारीले तपाईंप्रति दया देखाएको थियो । विभिन्न अवस्थाहरूमा तपाईं तिनीहरूको ठूलो सहायता हुनुभएको थियो । **जब तपाईंले गम्भीर समस्याहरू सामना गर्नुहुन्छ, तिनीहरूमध्ये धेरै जना तपाईंको निम्ति ठूलो सहायता भएका थिए र धेरै बाधाहरू भत्काउन तपाईंलाई सहायता गरेका थिए भनेर तपाईंले मलाई विभिन्न समयमा बताउनुभएको थियो ।** तिनीहरूप्रति तपाईंको कृतज्ञताले तपाईंको कृतज्ञ हृदय र उदारतालाई प्रकट र घोषणा गर्छ । सरकार आफैंले विशेष अनुमतिको साथमा तपाईंलाई सम्मानित गरेको थियो ।

मैले तपाईंको प्रार्थना बैठकहरू, विभिन्न सेवकाइहरू अवलोकन गरेको छु, जसबाट धेरै मानिसहरूले आफ्ना समस्याहरू र रोगबाट छुटकारा पाएका छन्, धेरैले आफ्नो आशा पूरा गरेका छन् । समाजमा भएका तल्लो स्तरका मानिसहरूले तपाईंको सेवकाइबाट धेरै ठूलो लाभ पाएका छन् । तपाईंले तिनीहरूका निम्ति मेडिकल र शैक्षिक आवश्यकताहरू प्रदान गर्नुभयो र तिनीहरूलाई उचाल्नुभयो । तपाईंको सेवकाइमा भएका यी सबै क्रियाकलापहरू देख्दा मलाई यस्तो लाग्छ कि यी सबै तपाईंको भलाइका परिणामहरू हुन्, जुन तपाईंको हृदयमा भित्र रहेको छ । चेन्नाइमा तपाईंका प्रारम्भिक वर्षहरूमा राजनीतिमा तपाईंको रुचि प्रदर्शन गर्न निर्देशित गरेको छ तपाईं कुनै ठूलो राजनैतिक पार्टीको अगुवा बन्नुहुन्थ्यो होला । परमप्रभु परमेश्वरले तपाईंलाई बोलाउनुभएको र उहाँले आशिष् दिनुभएको हुनाले तपाईं आत्मिक रूपमा बलियोसँग जरा गाडिनुभएको छ ।

आत्मिकपना परमेश्वरको चाहना हो । आत्मिक शक्ति महिमित छ भनेर तपाईंले बलियो गरी विश्वास गर्नुभएको हुनाले यो विश्वास तपाईंको प्रेरणादायी शक्ति भएको छ । तपाईंको भविष्यको लक्ष्य सम्बन्धी तपाईंमा आत्मिक शक्तिको बल पुरिएर रहेको हुनाले तपाईंले आफ्ना सबै उद्देश्य उपयुक्त प्रकारले आकार दिन सक्षम भएको हुनाले त्यसले ठूलो सफलता ल्याउँछ । तपाईंको जीवनशैली अवलोकन गर्दा मैले यो सत्यता जानेको हुँ ।

परमप्रभु परमेश्वरले तपाईंलाई प्रशस्त बुद्धि र शक्ति दिनुभएको छ । जब तपाईं विभिन्न प्रकारका शोकबाट गुज्रनुहुन्छ, परमप्रभु आफैं तपाईंको अघि आउनुहुन्छ र तपाईंलाई छुटकारा दिनुहुन्छ । परमप्रभुले तपाईंलाई परिवारका सदस्यहरू पनि दिनुभएको छ, जसले

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/18-20 WPP NO. TN/PMG(CCR)/WPP-220/18-20

परिपक्व हृदयले स्वीकार गर्छन्, सबै व्यक्तिगत कठिनाइबाट तपाईं गुज्रनुपर्थ्यो। परमप्रभुले तपाईंलाई योग्य र शक्तिशाली प्रशासकहरू र कर्मचारीहरू दिनुभएको छ, त्यसैले सेवकाइ, प्रकाशन, बाइबल कलेजहरू र स्कुलमा भएका तपाईंका कुनै पनि क्रियाकलापहरूले कठिनाइ देखेका छैनन् भनेर कसैले पनि इन्कार गर्न सक्दैन।

यो समयमा जब हामीले बोलावटको प्रतिध्वनिको स्वर्ण महोत्सव मनाइरहेका छौं, तपाईंका हितैषीहरूका रूपमा हामीसँग मिलेर काम गरेका सबै प्रियहरूलाई म सम्झन चाहन्छु। हाम्रा अस्ट्रेलियाली साथी श्रीमान हेडन हटन र डा. बी.जे. कृष्णमूरथी मेरो विवाहमा उपस्थित हुनुहुन्थ्यो र हामीलाई अभिवादन गर्नुभएको थियो। म त्यो क्षणलाई बिर्सन सक्दिनँ। सरकारी सेवामा हाम्रो समयको अवधिमा हामीसँग काम गर्ने हाम्रा धेरै साथीहरूको मित्रता सम्झँदा म खुसी छु, जस्तै श्रीमान सी. मूथी, डि.के. इलुशा, रहमन बसा, बालाकृष्णा, मुनुसामी, गजेन्द्रन, जैनुल्लाबुडिन, परान्थामान, रामामूर्थी, थान्गाभेलु, श्रीमति पाल्भान्नाम, श्रीमति टि.भी. सावित्री, श्रीमती जेयाकुमारी, श्रीमति राजेश्वरी, श्रीमति कृष्णाभेनी, श्रीमति रमीसा भिवी र तपाईंको सुरुको सेवकाइको अवधिमा तपाईंका सहकर्मीहरू, श्रीमान डि.डब्ल. देभाकान्डान, जे.आर. साउन्डारराज, आर.इ. जेयाराज, जेयाकुमार महाराज, जी.जे. पावलमनी डि. रिर्चाड थाम्बी राज, एन. श्याम सुन्दर र एम पावलराज।

बिना आराम छिटो काम गर्नु तपाईंको लागि स्वाभाविक कुरा हो। तर तपाईंको पारिवारिक अवस्थाहरू र व्यक्तिगत स्वास्थ्यको कारण तपाईंले आफ्नो कामको गति घटाउनु र शान्तमा काम गर्नु मेरो विनम्र अनुरोध हो।

"असल मानिसको मित्रता मीठो हुन्छ" भन्ने भनाइ रहेको छ। हाम्रो मित्रताको पुल सधैं बलियो रहनुपर्छ भन्ने मेरो मात्रै प्रार्थना हो।

तपाईंको पत्रिका बोलावटको प्रतिध्वनि निरन्तर प्रकाशित भएको होस् भन्ने मेरो सदिच्छा व्यक्त गर्दछु। तपाईंको जीवनी बाहिर ल्याउने तपाईंको कोसिस पनि सफल भएको होस्।

१७.०९.२०१८ **सदा तपाईंको साथी**
चेन्नाइ–१६ **पी. सिभप्रकासाम**

प्यारा पाठकहरू, यो लामो सन्देश धैर्यतापूर्वक पढ्नुभएको लागि तपाईंलाई धन्यवाद। सबै आदर र महिमा प्रभु येशू ख्रीष्टलाई होस्। **"युग–युगका राजा, अविनाशी र अदृश्य एक मात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमेन"** (१ तिमोथी १:१७)।

**– एस. साम सेल्भाराज**

## हाम्रो मुख्य कार्यालयमा हुने निम्न सेवाहरूको लागि प्रार्थना गरिदिनुहोस्

१. प्रार्थना सभा: : चौबीसै घण्टा
२. **बाइबलकोर** - बाइबल करेस्पोस्डेन्स् कोर्सेस: अङ्ग्रेजी, हिन्दी र तमिल
३. **बोलावटको प्रतिध्वनि** पत्रिका: अङ्ग्रेजी, हिन्दी, तमिल, मलायाम, तेलुगू, हिन्दी, कन्नाडा, मराठी, गुजराती, बङ्गाली, उरिया, नेपाली, असामी, पंजाबी, उर्दू, सिन्हाला र अफ्रिकी भाषामा।
४. नेहेम्याह बाइबल कलेज (दुई केन्द्रहरू)
५. ईश्वरशास्त्र पत्राचार कोर्स तामिल र अङ्ग्रेजी
६. महान् आज्ञाका साझेदारहरू
७. तालिम कार्यक्रम
८. फिल्म सेवा र क्रुसेडहरू
९. साहित्य सेवा- फलो अप अर्थात् अनुगमन
१०. सुसमाचार छापाखाना- प्रकाशन
११. सेन्ट पावल मेट्रीकुलेसन विद्यालय

| | |
|---|---|
| १२. बालसंगति | आइतवार बिहान ८:३० बजे |
| १३. **तमिल सेवा** | **बिहान ५:००, ७:०० बजे र १०:०० बजे आइतवार** |
| १४. **तेलुगू सेवा** | **आइतवार साँझ ४:०० बजे** |
| १५. **हिन्दी सेवा** | **आइतवार ५:०० बजे** |
| १६. **मलायलम सेवाआइतवार** | **५:०० बजे** |
| १७. **अङ्ग्रेजी र तमिल सेवा** | **आइतवार ६:०० बजे** |
| १८. ट्र्याक्स् वितरण | आइतवार साँझ ४: ०० बजे |
| १९. पास्टरीय परामर्श | आइतवार बेलुका ७: ३० बजे |
| २०. स्त्रीहरूको प्रार्थना | बुधवार बेलुका ५:३० बजे |
| २१. मध्य साता आराधना सेवा | बुधवार साँझ ६:३० बजे |
| २२. पुरुषको प्रार्थना | शुक्रवार साँझ ७:०० बजे |
| २३. शनिवारको सेवा | शनिवार साँझ ५:०० बजे |
| २४. कर्मचारीहरूको संगति | शनिवार साँझ ६:०० बजे |
| २५. घरेलु संगति | साँझ ६:३० मंगलवार, बिहीवार र शुक्रवार |
| २६. विशेष पवित्र प्रभुभोज | प्रत्येक महिनाको पहिलो दिन ५:३० बजे |
| २७. सेवकाइ पुनरावलोकन बैठक | पहिलो आइतवार सांझ ५:३० बजे |
| २८. अभिभावकको प्रार्थना | पहिलो आइतवार साँझ ४:०० बजे |
| २९. उपवास प्रार्थना | पहिलो शनिवार ९:३० बजे |
| ३०. रात्री प्रार्थना | दोस्रो शुक्रवार साँझ ९:३० बजे |
| ३१. प्रभुभोज सेवा | दोस्रो आइतवार सेवा |
| ३२. बिहानको आराधना | प्रत्येक बिहान ५:०० बजे |
| ३३. कर्मचारी आराधना सेवा | प्रत्येक बिहान ९:०० बजे |
| ३४. कार्यालय समय | बिहान ९ देखि बेलुकी ९ सम्म (आइतवार बाहेक) |

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/18-20**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/18-20**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th NOVEMBER 2018**
**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**